मिति २०७८।०७।१० को नेपाल सरकार (मा. मन्त्रीस्तर) निर्णयबाट स्वीकृत

# पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधी, २०७८

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(१) अनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहमा सशर्त अनुदान रकम पठाउने व्यवस्था अनुसार कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले स्थानीय तहमा वजेट विनियोजन भएको छ। यस क्षेत्रमा विनियोजित सशर्त बजेट राष्ट्रिय प्राथमिकता प्राप्त दूध, माछा, मासु, अण्डा र ऊन लगायतका पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने तुलनात्मक लाभका वस्तुहरु निर्यात गर्ने लक्ष्य प्राप्तिमा उपयोग गर्न प्रदेश र स्थानीय तहको समन्वय आवश्यक छ। पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो"**पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधी, २०७८**" विनियोजन ऐन २०७८, दफा ९ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस सञ्चालन प्रक्रियाको नाम "**पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधी, २०७८**" रहेको छ।

(२) यो कार्य सञ्चालन प्रक्रिया स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा

**(क) "पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम"** भन्नाले स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत सञ्चालन हुने निम्न अनुसारका कार्यक्रमहरु लाई सम्झनु पर्छ।

अ.मिसन अन्तरगतका कार्यक्रमहरू

- दूध मिसन कार्यक्रम अन्तर्गत भैंसी/गाई/चौरी प्रवर्द्धन कार्यक्रम
- मासु मिसन कार्यक्रम अन्तर्गत पाडा/बंगुर/बाखा प्रवर्द्धन कार्यक्रम
- ऊन मिसन कार्यक्रम अन्तर्गत भेडा/च्यांग्रा प्रवर्द्धन कार्यक्रम
- पशु आहारा मिसन कार्यक्रम
- मत्स्य मिसन कार्यक्रम

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

आ.पशुपन्छी बजार प्रवर्द्धन अन्तर्गतका कार्यक्रमहरू

- डेरी/चिलिंग सेन्टर/मिटमार्ट/संकलन केन्द्र/हाटबजार/पिग्लेट मार्केट स्थापना
- चिज छुर्पी प्रवर्द्धन कार्यक्रम
- नमूना पशुबधशाला स्थापना
- बंगुर व्यवसायिक औद्योगिक पार्क स्थापना (निरन्तरता)

इ.निजी क्षेत्रको साझेदारी अन्तर्गतका कार्यक्रमहरू

- धुलो दूध उद्योग स्थापना
- चिस्यान घर सहितको पशुबधशाला निर्माण
- बंगुर श्रोत केन्द्र स्थापना
- गाई श्रोत केन्द्र स्थापना तथा दुग्ध प्रवर्द्धन
- भेडा याक चौरी प्रवर्द्धन
- रेन्वो ट्राउट माछा प्रवर्द्धन

ई.लागत सहभागिता अन्तरगतका कार्यक्रमहरू

- अण्डा थोक बजार निर्माण(निरन्तरता)
- गौशाला निर्माण
- गाई प्रवर्द्धन
- सहकारी मार्फत UHT दुग्ध प्रशोधनका उद्योग स्थापना

उ.इपिडेमियोलोजी रिपोर्टिंग कार्यक्रम

ऊ.कृत्रिम गर्भाधान मिसन कार्यक्रम

ए.कालिज पालन कार्यक्रम

ऐ.माछाको दाना उद्योग स्थापना

ओ.सहकार्यमा पशुपन्छी जन्य उद्योग प्रवर्द्धन

(ख)"स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम राज्यशक्तिको संरचना र राज्यको बाँडफाँड गरे अनुसार गठन भएका गाउँपालिका र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(ग) **"प्रदेश"** भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएका प्रादेशिक सरकार सम्झनुपर्छ।

(घ) **“संघ"** भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएको संघीय सरकारलाई सम्झनुपर्छ।

(ङ) **"समूह वा समिति"** भन्नाले स्थानीयतहमा वा कानुन बमोजिम दर्ता/सूचिकृत भएका पशुपालक समूह/समितिहरुलाई सम्झनुपर्छ।

(च)**"सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएका वा कानुन बमोजिम दर्ता भएका (कृषि पशुपालन तथा दुग्ध व्यवसाय सम्बन्धि कार्य गर्ने उद्देश्य भएका) सहकारी संस्था भन्ने सम्झनुपर्छ ।

(छ) **"लागत साझेदारी/निजी क्षेत्रको साझेदारी/सहकार्य"** भन्नाले कार्यक्रम सञ्चालन गर्दा गरीने दुई पक्षको सम्झौतामा दोश्रो पक्षको अनिवार्य वित्तीय दायीत्वको सुनिश्चितता भएको सम्झनुपर्छ ।

३. **उद्देश्य :**पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ-:

(क) स्थानीय तहमा आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गरी पशुपालक कृषकहरुको बचत सुनिश्चित गर्ने।

(ख) पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा खाद्य सुरक्षा प्रवर्द्धनमा योगदान गर्ने।

(ग) बजारको माग अनुसार गुणस्तरीय पशुपन्छी तथा मत्स्य जन्य उत्पादनको आपुर्ति गर्ने।

(घ) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुऱ्याउने ।

(ङ) पशुपन्छी तथा मत्स्य जन्य बस्तुको उपलब्धतामा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।

(च) स्थानीय स्तरमा रहेका रोगको नियमित सुचना प्रवाह गर्ने।

(छ) पशुपन्छी आनुवांशिकी श्रोत संरक्षण तथा प्रवर्द्धन गर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

## परिच्छेद-२

## अनिवार्य शर्तहरु

**४.अनिवार्य शर्तहरुः** संघीय बजेटबाट सशर्त अनुदानमा प्रदेश तथा स्थानीय तहमा विनियोजित बजेट तथा कार्यक्रमको सन्दर्भमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार नेपाल सरकारले आयोजना कार्यान्वयनको लागि आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ भन्ने व्यवस्था भए बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगत सशर्त अनुदानमा स्थानीय तहमा विनियोजित बजेट कार्यान्वयन गर्न देहाय बमोजिमका शर्तहरु कायम गरिएको छ।

(१) निर्धारित समयसिमा भित्र निदृष्ट ढाँचामा देहाय बमोजिमका कार्यक्रमहरुको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

क. कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान लगायतका पशु प्रजनन् सम्बन्धित कार्यक्रमहरुको मासिक प्रगति प्रतिवेदन राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा र पशु सेवा विभागमा अनिवार्य रुपमा पठाउनुपर्नेछ।

ख. पशुपन्छी तथा माछाका रोगहरुको मासिक ईपिडेमियोलोजिकल रिपोर्ट पशु सेवा विभागमा अनिवार्य रुपमा पठाउनुपर्नेछ।

ग. पशु सेवा नियमन सम्बन्धि कार्यक्रमहरुको रिपोर्ट पशु सेवा विभागमा अनिवार्य रुपमा पठाउनुपर्नेछ।

घ. पशु वधशाला र मासु जाँच ऐन कार्यान्वयन सम्बन्धित कार्यक्रम तथा क्रियाकलापहरु रिपोर्ट पशु सेवा विभागमा अनिवार्य रुपमा पठाउनुपर्नेछ।

(२) सशर्त अनुदान अन्तरगत LMBIS मा उल्लेख भएका कार्यक्रमहरु उल्लेखित क्रियाकलापहरुमा मात्र खर्च गर्नु पर्नेछ।

(३) हरेक त्रैमासिक अर्धबार्षिक तथा बार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशुसेवा विभाग र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) सशर्त अनुदान अन्तरगत स्थानीय तहमा संचालित कार्यक्रमको संघ तथा प्रदेशका सम्बन्धित निकायले अनुगमन निरीक्षण मूल्याङ्कन गर्ने कार्यमा सम्बन्धित स्थानीय तहले सहयोग सहजीकरण गर्नुपर्नेछ।

(५) बार्षिक खर्चको फाँटबारी तथा आर्थिक विवरणको प्रमाणित प्रतिलिपि आर्थिक वर्ष समाप्त भएको १५ दिन पशु सेवा विभाग तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**५. कार्यक्रम सञ्चालन प्रक्रिया:** पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कार्य सञ्चालन प्रक्रिया अपनाइनेछ।

(१) कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहले कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न हुने गरी कार्यदल गठन गर्ने वा विगतमा सोहि प्रकृतिको समिति विद्यमान भएमा सोहि बमोजिम गर्नु पर्नेछ। उक्त कार्यदलले कार्यक्रम सञ्चालन क्षेत्र तथा लाभग्राही छनौटको आधारहरु तय गर्ने, लाभग्राही छनौट गर्ने र अनुगमन तथा मुल्यांकन गर्नु पर्नेछ।

(२) स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि प्रचलित कानूनमा उल्लेख भए बमोजिमको म्याद दिई अनुसूची १ वमोजिमको सूचना उपयुक्त संचार माध्यमबाट आव्हान गर्नेछ।

(३) कृषक/समूह/समिति/सहकारी/निजी संस्थाले अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना सहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(४) सिमान्तकृत, दलित, महिला, विदेशबाट फर्केका युवा, कोभिड प्रभावित लगायत लक्षित वर्गहरुलाई समूह/समिति/सहकारीमा आवद्ध गरी परिचालन समेत गर्ने गरी निवेदन पेश गर्नको लागि स्थानीय तहका पशुसेवा शाखाका प्राविधिकहरुलाई परिचालन गर्न सक्नेछन्।

(५) यसरी पर्न आएका संक्षिप्त कार्ययोजना सहितको निवेदनको मुल्याङ्कन अनुसूची ४ वमोजिम गर्नु पर्नेछ।

(६) बुँदा ५ (ङ) वमोजिम छनौट भएका कृषक/समूह/समिति/सहकारी/निजी संस्थाहरुसँग गरिने सम्झौता अनुसूची-५ वमोजिम गर्नु पर्नेछ।

(७) कार्यक्रम सञ्चालन गर्दा अनुसूची-६ वमोजिमको क्रियाकलापहरू औचित्य, आवश्यकता र सम्भावनाका आधारमा सञ्चालन गर्नु पर्नेछ।

**६. कार्यक्रम कार्यान्वयनका लागि नर्मस:** कार्यक्रमको लागि आधारभूत शर्तहरू निम्न हुनेछन।

(क) तालिम, गोष्ठी, भ्रमण, अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा १५ प्रतिशत मात्र खर्च गर्नु पर्नेछ।

(ख) ६ (क) मा उल्लेखित बाहेकका अनुसूची ६ मा समावेश भएका अन्य क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(ग) कार्यक्रममा आवद्ध कृषकहरूले पशुपन्छी तथा मत्स्यको अनिवार्य बीमा गर्नु पर्नेछ।

(घ) समन्वय सहकार्य तथा सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग/निकायहरूमा आवधिक रूपमा तोकिएको ढाँचामा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन गर्ने सरकार/तहको जिम्मेवारी

**७. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह र तिनको जिम्मेवारी:** कार्यक्रम संचालन गर्नको लागि संघ, प्रदेश तथा स्थानिय तहको जिम्बेवारी देहाय बमोजिम हुनेछ ।

(१) नेपाल सरकार

(क) संघ अन्तर्गतका पशु सेवा सँग सम्बन्धित कार्यालय/फार्म/केन्द्रबाट प्रविधिक सेवा तथा वस्तु जस्तै खोप, उन्नत नश्लको साँढे, बोका, भाले बङ्गुर (वीर) र थुमा साथै साँढे, राँगो र बोकाको जमेको बीर्य तथा तरल नाईट्रोजन, मत्स्य विज घाँसको बीउ बेर्ना लगायतका उत्पादन सामाग्री आपूर्तिका लागि सहजीकरण गर्ने।

(ख) कार्यक्रम सञ्चालनमा सहजीकरण,

(ग) अनुगमन तथा पृष्ठपोषण।

(२) प्रदेश सरकार

(क)प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका पशु सेवासँग सम्बन्धित कार्यालय/फार्म केन्द्रहरु मार्फत उत्पादन सामाग्री, तालिम लगायतका प्राविधिक सेवा,

(ख) सरकारी/सहकारी एवं निजी स्रोत केन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(ग) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।

(३) स्थानीय तह

(क)कार्यक्रम विस्तृतीकरण,

(ख) लाभग्राही/अनुदान ग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(ग) नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिवेदन,

(घ) तोकिएको कार्यक्रमको प्रमुख उद्देश्य प्राप्तीमा फरक नपर्ने गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेका मापदण्डको अधिनमा रही स्थानीय आवश्यकता, संभाव्यता र भौगोलिक विशिष्टता अनुरुप नमूना कार्य सञ्चालन प्रक्रियालाई परिमार्जन गर्न सक्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## परिच्छेद-५
## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

७. अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको प्रक्रिया अपनाउन सकिनेछ।

(१) स्थानीय तहले संचालित कार्यक्रममा उपलव्ध गरेको रकम कृषक/समूह/समिति/सहकारी/निजी संस्थामा सदुपयोग भए, नभएको र लक्ष्य अनुसार प्रगति भए, नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा यसै कार्य सञ्चालन प्रकृयाको दफा ५ उपदफा १ वमोजिमको कार्यदलले अनुगमन र मूल्याङ्कन गरी आफ्नो राय र सुझाव स्थानीय तहमा पेश गर्नु पर्नेछ। अनुगमन तथा मुल्यांकन कार्यमा सम्वन्धित प्रादेशिक मन्त्रालय अन्तर्गत जिल्ला स्थित पशु सेवा हेर्ने निकायलाई संलग्न गराउन सकिनेछ।

(२) संघ र प्रदेशले आवश्यकता अनुसार अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

(३) पशु सेवा शाखाले अनुसूची- ७ र ८ अनुसार फर्मेट भरी समन्वय सहकार्य तथा सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग/निकाय हरूमा आवधिक रूपमा तोकिएको ढाँचामा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची १

स्थानीय तहले प्रकाशन गर्नु पर्ने सूचनाको फर्मेट (नमुना)

**पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना**

................................. पालिका, .........

प्रथम पटक प्रकाशित मिति २०......./...../. ...

आ.व.२०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु **" पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया-२०७८"** बमोजिम गर्न ईच्छुक कृषक, सहकारी संस्था, कृषक समूह/समिति/निजी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ............. औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | | | |

निवेदन र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन प्रक्रिया यस ..........................पालिकाको वेबसाईट....................बाट डाउन लोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीका लागि फोन नं. .............................. मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची २

संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

१. व्यवसायको परिचयः

२. कार्यक्रम शुरु हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मितिः

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

५. व्यवसायको आधारभूत विवरण

| क्र.सं. | संचालित व्यवसायको नाम | व्यवसायबाट उत्पादन हुने मुख्य मुख्य बस्तु | उत्पादन हुने बार्षिक परिमाण | बार्षिक कारोबार रकम | व्यवसायबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. सञ्चालन गरिने क्रियाकलापको विवरण

| क्र.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ३

## पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि निवेदन पत्र (नमुना)

मितिः ..............

श्रीमान प्रमुखज्यू

....................गा.पा.\न. पा. \उ.न.पा\म.न. पा...........।

**विषयः पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने बारे।**

महोदय,

यस पालिकाको मिति २०७८।। गतेको प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम (.........................) सञ्चालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौ। कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

**संलग्न कागजातहरुः**

१. कृषक समूह/समिति/सहकारी/निजी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु

२. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाले कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि

३. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाका सदस्यहरूको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानीय तहको आवश्यकता अनुसार)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ४

## मुल्यांकन सम्बन्धी (नमुना)

पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रममा सहभागीताका लागि प्रस्ताव छनौटका आधारहरु (मुल्यांकन गर्ने आधारहरु )

१. स्थानको उपयुक्तता (सामाजिक, भौगोलिक एवं वातावरणीय दृष्टिकोणले सम्भाव्यता) ........... अंक

२. पूर्वाधार विकास एवं विकासका सम्भावनाहरु .......................... अंक

३. हाल संचालित कार्यक्रम एवं कृयाकलापहरुको अवस्था एवं अवसरहरु

(क) आवेदक कृषक वा समूह/सहकारी/संस्थाका सदस्यले सम्बन्धित क्षेत्रमा आवद्धता भएमा ........... अंक

(ख) बजार तथा बजारिकरणको सहजता .......................... अंक

४. कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एवं अनुभव

(क) विगत १ वर्ष देखि सम्बन्धित व्यवसाय (दर्तावाल) गरिरहेको भए .......................... अंक

(ख) १ वर्ष भन्दा कम भए .......................... अंक

५. पेश गरेको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य विवरण भए ........... अंक

६. जैविक सुरक्षा तथा वातावरणीय अवस्था .......................... अंक

७. कृषक/समूह/समिति/सहकारी/निजी संस्थामा रहेका एकल महिला, दलित, जनजाती तथा सिमान्तकृत कृषकहरु, विदेशबाट फर्किएका युवाहरु, कोभिड प्रभावित भए.....................अंक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

अनुसूची-५

## द्विपक्षीय सम्झौता पत्र (नमुना)

..............................पालिकाको आर्थिक वर्ष ..................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न श्री ..........................................पालिकाको कार्यालय, .................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ..........................., ........................ (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

**तपसिल**

१.प्रथम पक्षले ....................... कार्यक्रमको लागि विनियोजित रकम रू .................... दोश्रो पक्षलाई बढीमा २ किस्तामा उपलब्ध गराउनेछ ।

२.दोश्रो पक्षले ..................जिल्ला ................ गा.पा/न.पा/उ.म.न.पा/म.न.पा ........ नं. वडाको .................. स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिमका सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ।

५. दोश्रो पक्षले नियमानुसारको बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा बढीमा दुई किस्तामा भुक्तानी दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत सम्झौता बमोजिमको रकम भुक्तानी बैङ्क खाता मार्फत गर्नेछ। कार्यक्रम सम्बन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजीकरण प्रथम पक्षले गर्नु पर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

१०. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु स्थानीय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११ कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

<u>रोहवर</u>

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम्।

**नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु संशोधन गर्न सकिने छ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

## अनुसूची-६

## पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सम्पादन गर्न सम्भावित क्रियाकलापका सूची

स्थानीय तहले निम्न क्रियाकलापहरु आवश्यकता,औचित्य तथा सम्भाव्यता अनुसार सम्पादन गर्नु पर्नेछ।

**क) मिसन अन्तरगतका कार्यक्रमहरू**

**(१) दूध मिसन कार्यक्रम अन्तर्गत भैंसी/गाई/चौरी प्रवर्द्धन कार्यक्रम**

**पशुपन्छी नश्ल सुधार कार्यक्रम**

- कृत्रिम गर्भाधान
- भ्रुण प्रत्यारोपणका सहयोगी क्रियाकलापहरू
- प्राकृतिक गर्भाधानः साँढे/राँगो/याक वितरण
- उन्नत पशु खरिद/ढुवानी/वितरण

**असल पशुपालन अभ्यास**

- गोठ निर्माण सुधार
- पशु पहिचान तथा अभिलेखीकरण
- जैविक सुरक्षा
- पशुपालनमा साना यान्त्रिकरण प्रवर्द्धन

**पशु स्वास्थ्य कार्यक्रम**

- सर्भिलेन्स तथा ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग
- आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण र खोप कार्य
- नमुना संकलन तथा रोगको पहिचान र उपचार
- पशु स्वास्थ्य/बाँझोपन निवारण शिविर सञ्चालन

**पशु आहार सेवा कार्यक्रम**

- घाँस विकास कार्यक्रमः भुईघाँस, डालेघाँसहरू
- चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
- घाँसको बीउ उत्पादन तथा आपूर्ति
- UMMB/TMR उत्पादन तथा प्रवर्द्धन
- नर्सरी व्यवस्थापन कार्यक्रम
- आहारा संरक्षण कार्यक्रमः हे, साइलेज वा अन्य



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम

**कृषकस्तर तालिम तथा क्षमता अभिवृद्धि**

- कृषकस्तर तालिम कार्यक्रम
- जानकारी मूलक सन्देश प्रकाशन प्रसारण कार्यक्रमः कुन माध्यमबाट जस्तै, पत्रपत्रिका वा रेडियो वा एफ. एम. वा टेलिभिजन आदि
- स्थलगत अवलोकन भ्रमण

**बजार प्रवर्द्धन कार्यक्रम**

- दुग्ध पदार्थ विविधिकरण कार्यक्रम
- दुग्ध संकलन केन्द्र स्थापना कार्यक्रम
- डेरी पसल सुधार कार्यक्रम
- पशु हाट बजार निर्माण/सुधार कार्यक्रम
- दुग्धजन्य पदार्थ ढुवानी प्रवर्द्धन कार्यक्रम
- स्टिलको क्यान वितरण
- दुध ढुवानीकोलागि चिस्यान प्रणाली स्थापना
- बजार सूचना प्रणाली विकास/विस्तार

**प्राविधिक सेवा प्रदान**

- प्रसार कार्यक्रम
- समन्वय सहकार्य कार्यक्रम

**अनुगमन मूल्याङ्कन**

- कार्यक्रम सर्वजनिकरण
- अनुगमन, प्रतिवेदन तयारी एवं प्रेषण
- सार्वजनिक सुनुवाई

**(२) मासु मिसन कार्यक्रम अन्तर्गत पाडा/बंगुर/बाख्रा प्रवर्द्धन कार्यक्रम**

- **पशुपन्छी नश्ल सुधार कार्यक्रम**
  - कृत्रिम गर्भाधान
  - प्राकृतिक गर्भाधान
  - उन्नत पशु खरिद/ढुवानी/वितरण



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- **असल पशुपालन अभ्यास**
  - गोठ निर्माण सुधार
  - पशु पहिचान तथा ट्रेसियाविलिटी
  - जैविक सुरक्षा
  - पशुपालनमा साना यान्त्रिकरण प्रवर्द्धन
- **पशु स्वास्थ्य कार्यक्रम**
  - सर्भिलेन्स तथा ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग
  - आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण र खोप कार्य
  - नमुना संकलन तथा रोगको पहिचान र उपचार
  - जैविक सुरक्षा
  - पशु स्वास्थ्य/बाँझोपन निवारण शिविर सञ्चालन
- **पशु आहार सेवा कार्यक्रम**
  - घाँस विकास कार्यक्रमः भुईघाँस, डालेघाँसहरू
  - चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
  - घाँसको बीउ आपूर्ति
  - UMMB/TMR उत्पादन तथा प्रवर्द्धन
  - नर्सरी व्यवस्थापन कार्यक्रम
  - आहारा संरक्षण कार्यक्रमः हे, साइलेज वा अन्य
  - पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम
- **कृषकस्तर तालिम तथा क्षमता अभिवृद्धि**
  - कृषकस्तर तालिम कार्यक्रम
  - जानकारी मूलक सन्देश प्रकाशन प्रसारण कार्यक्रमः कुन माध्यमबाट जस्तै, पत्रपत्रिका वा रेडियो वा एफ. एम. वा टेलिभिजन आदि
  - स्थलगत अवलोकन भ्रमण

- **बजार प्रवर्द्धन कार्यक्रम**
  - मासु पसल/बधस्थल सुधार कार्यक्रम
  - पशुहाट बजार स्थापना/सुधार
  - संकलन केन्द्र निर्माण/सुधार
  - मासु ढुवानी प्रवर्द्धन कार्यक्रम
  - बजार सूचना प्रणाली विकास/विस्तार



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- **प्राविधिक सेवा प्रदान**
    - प्रसार कार्यक्रम
    - समन्वय सहकार्य कार्यक्रम
- **अनुगमन मूल्याङ्कन**
    - कार्यक्रम सर्वजनिकरण
    - अनुगमन, प्रतिवेदन तयारी एवं प्रेषण
    - सार्वजनिक सुनुवाई

**(३) ऊन मिसन कार्यक्रम अन्तर्गत भेडा/च्यांग्रा प्रवर्द्धन कार्यक्रम**

- **पशु नश्ल सुधार कार्यक्रम**
    - प्राकृतिक गर्भाधान
    - उन्नत भेडा/च्यांग्रा/थुमा/बोका  खरिद/ढुवानी/वितरण
- **असल पशुपालन अभ्यास**
    - खोर/गोठ/घुम्ती गोठ निर्माण सुधार
    - पशु पहिचान तथा ट्रेसियाविलिटी
    - बायोसेक्युरिटी व्यवस्थापन
    - पशुपालनमा साना यान्त्रिकरण प्रवर्द्धन
- **पशु स्वास्थ्य कार्यक्रम**
    - सर्भिलेन्स तथा ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग
    - नियमित आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण र खोप कार्यक्रम
    - नमुना संकलन तथा रोगको पहिचान र उपचार
    - जैविक सुरक्षा
    - पशु स्वास्थ्य शिविर सञ्चालन
    - डिपिङ्ग ट्याङ्क निर्माण/वितरण
- **पशु आहार सेवा कार्यक्रम**
    - घाँस विकास कार्यक्रमः भुईघाँस, डालेघाँसहरू
    - चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
    - घाँसको बीउ आपूर्ति
    - UMMB/TMR/Mineral Mixtureउत्पादन/वितरण तथा प्रवर्द्धन
    - नर्सरी व्यवस्थापन कार्यक्रम
    - आहारा संरक्षण कार्यक्रमः हे, साइलेज वा अन्य
    - पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- कृषकस्तर तालिम तथा क्षमता अभिवृद्धि
    - कृषकस्तर तालिम कार्यक्रम
    - स्थलगत अवलोकन भ्रमण
- बजार प्रवर्द्धन कार्यक्रम
    - ऊन संकलन केन्द्र निर्माण/सुधार
    - ऊन प्रशोधन केन्द्र निर्माण/सुधार
    - ऊन ढुवानी प्रवर्द्धन कार्यक्रम
    - बजार सूचना प्रणाली विकास/विस्तार
    - यन्त्रीकरण प्रवर्द्धन
- प्राविधिक सेवा प्रदान
    - प्रसार कार्यक्रम
    - समन्वय सहकार्य कार्यक्रम
- अनुगमन मूल्याङ्कन
    - कार्यक्रम सर्वजनिकरण
    - अनुगमन, प्रतिवेदन तयारी एवं प्रेषण
    - सार्वजनिक सुनुवाई

(४) पशु आहारा मिसन कार्यक्रम

- पशु आहार सेवा कार्यक्रम
    - नर्सरी स्थापना
    - चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
    - घाँसको बीउ उत्पादन तथा आपूर्ति
    - UMMB/TMR उत्पादन तथा प्रवर्द्धन
    - बीउ बैंक स्थापना
    - बिउ प्रशोधन/उपचार
    - पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम
- कृषकस्तर तालिम तथा क्षमता अभिवृद्धि
    - कृषकस्तर तालिम कार्यक्रम
    - जानकारी मूलक सन्देश प्रकाशन प्रसारण कार्यक्रमः कुन माध्यमबाट जस्तै, पत्रपत्रिका वा रेडियो वा एफ. एम. वा टेलिभिजन आदि
    - स्थलगत अवलोकन भ्रमण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- **बजार प्रवर्द्धन कार्यक्रम**
    - घाँसेबाली बिउ/विजन/हरियो घाँस/हे/ साइलेज उत्पादन तथा बजारीकरण
    - घाँसेबाली बिउ/विजन/हरियो घाँस/हे/ साइलेज ढुवानी कार्यक्रम
    - बजार सूचना प्रणाली विकास/विस्तार
- **प्राविधिक सेवा प्रदान**
    - प्रसार कार्यक्रम
    - समन्वय सहकार्य कार्यक्रम
- **अनुगमन मूल्याङ्कन**
    - कार्यक्रम सर्वजनिकरण
    - अनुगमन, प्रतिवेदन तयारी एवं प्रेषण
    - सार्वजनिक सुनुवाई

**(५) मत्स्य मिसन कार्यक्रम**

- पोखरी निर्माण
- मत्स्य पालन यन्त्रीकरण सहयोग
- मत्स्य दाना उत्पादन
- मत्स्य नर्सरी निर्माण
- मत्स्य बजार विकास
- रेसवे निर्माण
- प्राकृतिक जलासयमा माछाका भुरा छाड्ने (Ranching)
- मत्स्य ढुवानी व्यवस्थापन

**ख) पशुपन्छी बजार प्रवर्द्धन अन्तर्गतका कार्यक्रमहरू**

**१. पशुपन्छी बजार प्रवर्द्धनका लागि डेरी/चिलिंग सेन्टर/मिटमार्ट/संकलन केन्द्र/हाटबजार स्थापना/बधशाला निर्माण/पिग्लेट मार्केट स्थापना**

<u>लघु/साना /मोडेल डेरी प्रवर्द्धन कार्यक्रम</u>

- डेरीको लागी आवस्यक भौतिक संरचना निर्माण/सुधार ।
- भुई तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिङ्ग निर्माणका कार्यहरु ।

१९

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

- डेरीका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान ।
- प्रकाश संबातन( भेन्टिलेसन) व्यवस्थापन तथा किरा फट्यांग्रा नियन्त्रण सम्बन्धि कार्यहरु ।
- ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु ।
- बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।
- दूध राख्ने क्यान, मिल्क पम्प तथा होज पाइप आदिको व्यवस्था ।
- व्यक्तिगत सूरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु।
- मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।
- मिल्क एनालाईजर वा गुणस्तर जांचका लागी आवस्यक अन्य उपकरण जडान सम्बन्धि कार्यहरु ।
- दूध चिस्यान, भण्डारण, प्याकेजिङ गर्नको लागि आवश्यक मेसीन तथा उपकरणको स्थापना ।

<u>दुग्ध चिस्यान केन्द्र निर्माण सम्बन्धी व्यवस्था</u>

(१) दुग्ध चिस्यान केन्द्र निर्माणको लागि दूध उत्पादन पकेट क्षेत्रको रुपमा विकास भएका शहर वा शहरोन्मुख बस्तीका दुग्ध व्यवसायमा संलग्न रहेका कृषक/समूह/समिति/सहकारी/निजी संस्थाहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ

(२) दुग्ध चिस्यान केन्द्रहरुसँगको कार्यक्रम निम्न हुनेछन् ।

(क) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण/सुधार (प्रकाश/भेन्टीलेसन व्यवस्थापन तथा कीरा फट्यांग्रा नियन्त्रण सम्बन्धी निर्माण उपकरण, ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु।

(ख) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान (चिलिङ्ग भ्याट, दूध पम्पिङ्ग मोटर, सरसफाई, निसंक्रमण मर्मत संभारमा आवश्यक पर्ने औजार, औद्योगिक बिद्युत मिटर र उपकरणको व्यवस्था)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

चिस्यान केन्द्र कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

(१) सडकको पहुँच भएको।

(२) पानी तथा विद्युतको उपलब्धता भएको।

(३) वित्तीय संस्थाहरूको पहुँच भएको।

(४) ३०० लिटर क्षमताको चिलिंग भ्याट स्थापनाको लागि कम्तीमा २५० लिटर, ५०० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि सो स्थानमा दैनिक कम्तीमा ४०० लिटर, १००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा ८०० लिटर, २००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा १६०० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा २५०० लिटर दूध संकलन र विक्री हुने सम्भावना भएको क्षेत्र हुनुपर्ने।

(५) दुग्ध चिस्यान केन्द्र सञ्चालन गर्ने स्थलको जग्गा कृषक/समूह/समिति/सहकारी/निजी संस्थाको आफ्नै भए सो को जग्गाधनी प्रमाणपूर्जाको फोटोकपी निवेदनसँगै संलग्न हुनुपर्नेछ।

(६) जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको।

<u>मिट मार्ट स्थापना कार्यक्रम</u>

- स्वच्छ पिउने पानीको व्यवस्था ( ओभरहेड ट्यांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)
- मासु बिक्री कक्ष बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल विछाउने ।
- मीट मार्टबाट निस्कने फोहोर व्यवस्थापन ।
- शौचालय र वासिङ्ग वेसिन निर्माण/ सुधार ।
- डिस्प्ले फ्रीज खरिद
- अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/ सुधार ।
- मासुको स्वच्छ भण्डारण गर्न डिप फ्रिज, कोल्ड रुम आदीको व्यवस्था ।
- उपकरण खरिद जस्तैः मीट कटिङ मशिन, मीट स्लाइसिङ मशिन, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु, आदि ।

मिटमार्ट स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- आउटलेट न्यूनतम ८०० वर्ग फिटको हुनु पर्नेछ ।
- भित्तामा ६ फिटसम्म सेतो टाइल लगाइएको हुनु पर्ने छ, र भुईमा सेतो टाइल वा मार्बल लगाइएको हुनु पर्नेछ ।
- मिट मार्ट वातानुकुलित हुने व्यवस्था गर्नु पर्नेछ ।
- कारोबार क्षमता अनुसार आवश्यक संख्यामा डिस्प्ले रेफ्रिजेरेटर राख्नुपर्नेछ ।
- विभिन्न प्रकारको मासु छुट्टा छुट्टै राखी विक्रि वितरण गर्नु पर्नेछ।
- प्याकेजिङ् गरिएको विभिन्न किसिमको मासुलाई अलग अलग रेफ्रिजरेसन गर्नु पर्नेछ।
- पसलमा चिस्यान कायम गर्न बिजुलीको बैकल्पिक व्यवस्था भएको हुनु पर्नेछ ।
- गुणस्तर तथा नाप तौल विभागबाट प्रमाणित इलेक्ट्रोनिक ब्यालेन्स हुनु पर्नेछ ।
- मासु टुक्राउने, प्याकिङ् र लेवल गर्ने मेसिन छुट्टै कोठामा हुनु पर्नेछ ।
- मीट मार्ट सञ्चालन हुने क्षेत्र भित्र पशु बध गर्न पाइने छैन।
- मीट मार्टमा कोल्ड रुम रहनु पर्नेछ ।
- पकाएको मासु पनी विक्री गर्ने हो भने काँचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि विक्रि गर्नु पर्नेछ।
- ३ फेजको लाइन वा Voltage पुग्ने व्यवस्था गर्नु पर्नेछ ।

<u>पशु संकलन केन्द्र निर्माण कार्यक्रम</u>

- पशु संकलन केन्दका लागि आवश्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।
- आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान ।
- ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।
- बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।
- जनावर राख्ने सेडरआइसोलेसन सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।
- बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।
- फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।
- अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

पशु संकलन केन्द्र कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- पशु संकलन केन्द्रलाई बारबन्देज गरी भित्र पस्न/निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।
- पशु संकलन केन्द्रमा जैविक सुरक्षा सुनिश्चित गर्न नियमित निसंक्रमण गर्ने व्यवस्था हुनुपर्ने छ र उचित फोहोर व्यवस्थापन हुनु पर्नेछ ।
- विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था ।
- पशुहरु राख्ने टहरा/खोरको व्यवस्था ।
- विरामी पशुको लागि छुट्टै राख्ने व्यवस्था हुनु पर्नेछ।
- पशु तथा मानिसका लागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था ।
- पशुहरुको लागि आवस्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाँउको उचित प्रवन्ध ।
- पशुहरुलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था ।
- पशु संकलन केन्द्रमा ल्याइने र बिक्रि गरिने पशुको रेर्कड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रवन्ध ।

<u>पशु हाटबजार निर्माण कार्यक्रम</u>

- व्यापारी र पशुहरुलाई गर्मी र बर्षाबाट बचाउन टहरा निर्माण ।
- ढल निकासको व्यवस्था र भुई ढलान ।
- पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि प्लेटफार्म निर्माण ।
- व्यापारी/खरीद कर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था ।
- आवश्यकता अनुसार शौचालय र खाजाघरको व्यवस्था ।
- फोहर व्यवस्थापनको लागी बायोग्याँस प्लान्ट स्थापना ।
- फोहोर मैला संकलन गर्ने भाडा, औजार, उपकरणको व्यवस्था ।
- पशु हाटबजार र पशुपंक्षी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण।
- पशु हाटबजार प्रवेश मार्ग सुधार ।
- सूचना पाटी र होडिङ्ग वोर्डको व्यवस्था ।
- बिजुली बत्तीको व्यवस्था ।
- पशु तौलने उपकरणको व्यवस्था ।
- बजार क्षेत्रको बार बन्देज (काँडेतार प्रयोग गर्न नपाईने) ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- जैविक सुरक्षाको लागी आवस्यक संरचना र व्यवस्था ।

पशुहाटबजार स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

- पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।
- पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।
- विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था ।
- विरामी पशुको लागि छुट्टै राख्ने व्यवस्था हुनु पर्नेछ।
- पशुहरु राख्ने टहराको व्यवस्था ।
- पशु तथा मानिसका लागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था ।
- पशुहरुको लागि आवस्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाँउको उचित प्रवन्ध ।
- पशुहरुलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था ।
- कृषक, व्यवसायी, खरिदकर्ता तथा विक्रेताहरुको लागी विश्रामगृह तथा शौचालयको व्यवस्था।
- पशु हाटबजारमा ल्याइने र बिक्रि गरिने पशुको रेर्कड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रवन्ध।
- पशु हाटबजार भित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा बिक्रि भएका पशुहरुको स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागी नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल भेटेरिनेरियन र डिस्पेन्सरी सेवाको व्यवस्था।
- तराई क्षेत्रका पशु हाटबजार परिसरमा concrete wallowing pit वा shower को व्यवस्था।

**२) चिज छुर्पी प्रवर्द्धन कार्यक्रम।**

- प्रशोधन तथा भण्डारण कक्ष निर्माण
- बिक्रि कक्ष निर्माण्रसुधार (टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/व्यानर आदी)।
- मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज, लगायतका अन्य उपकरण खरिद।
- चिज र छुर्पी बनाउने मेशिन खरिद र जडान।
- चिज र छुर्पी ढुवानी
- चिज र छुर्पी पसल को सजावट र फोहोर व्यवस्थापन आदी



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३) नमुना पशुबधशाला स्थापना

- पशु बधशालाको भवन निर्माण र सुधार गर्न ।
- पशु बधशालामा प्रयोग हुने औजार उपकरणहरु खरिद गर्न ।
- वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार गर्न ।
- बिजुलि बत्ति, ढल निकास, ओभरहेड टयांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेशिन जडान आदी ।
- बधशालाको भुंईमा र भित्तामा (कम्तिमा ६ फिट उचाई सम्म) सेतो टायल लगाउन।
- किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन गर्न ।
- बजार लक्षित पशु बधशाला निर्माण कार्यक्रम अन्तर्गत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजरेटेड भ्यान खरिद गर्न ।

नमुना बधशाला स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

- अनलोडिंग प्लेटफर्म, होल्डिंग यार्ड, लाईरेज, स्टनिंग, ब्लिडिंग, डिस्किनिंग, डिबोनिंग, चपिंग, फ्रिजिंग, प्याकेजिंग, डिस्प्याच, अफिस र सेकुरिटी का लागी प्रयाप्त ठाऊं हुनु पर्नेछ।
- स्वच्छ एवं यथेष्ट पिउने पानिको श्रोत हुनु पर्नेछ ।
- ढलनिकास तथा फोहर मैला व्यवस्थापनका लागी प्रयाप्त ठाऊं र जग्गाको उपलब्धता हुनु पर्नेछ ।
- बाटो, बिजुली र बजारको सुविधा हुनु पर्नेछ ।
- नयाँ स्थापना हुने र पुराना दुबै किसिमका बधशालाको हकमा कम्तीमा प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदन सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन तहमा भएको प्रतिवेदन र स्थानीय निकायको सिफारीस सर्जमिन मुचुल्का हुनु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- स्वस्थकर मासु उत्पादन बिधि (Hygienic Code of Practice) परिपालना गर्न मन्जुर भएको हुनु पर्नेछ ।

- पशुबधशाला निर्माण गर्न आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनु पर्ने छ, र उक्त स्थान महानगरपालिका र उपमहानगरपालिका र नगरपालिकाको सहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्नेछ ।

- निर्मित पशुबधशाला स्थित जग्गा सोही कार्य निरन्तरता सहित १० बर्षको लागि विक्रि रोक्का गरिनेछ ।

- मासु ढुवानीको लागि रेफ्रिजिरेटेड भ्यानको व्यवस्था हुनु पर्नेछ।

**४) बंगुर व्यवसायिक औद्योगिक पार्क स्थापना (निरन्तरता)**

बंगुर व्यवसाय औद्योगिक पार्क सथापना कार्यक्रम आ.व.२०७३/७४ बाट पोखरा महानगरपालिका वार्ड नं. १० कुंडहर कास्की स्थित बंगुर ब्रिडर कृषक सहकारी संस्था लिमिटेड संगको साझेदारीमा पोखरा महानगरपालिका बार्ड नं. ३३ मालेबारमा निर्माणाधीन तथा सञ्चालनमा रहेको। आ.व.२०७८/७९ का लागि प्रस्ताव गरिएको बंगुर व्यवसायिक औद्योगिक पार्क स्थापना (निरन्तरता) कार्यक्रम सञ्चालन बंगुर ब्रिडर कृषक सहकारी संस्था लि. सँगको साझेदारीमा तपसिलका अधुरा कार्यहरू पुरा गर्ने गरी गर्नु पर्नेछ।

- अधुरो खोर निर्माण
- पार्क भित्रको आवतजावत गर्ने बाटो कालोपत्रे गर्ने
- जैविक सुरक्षाका लागि बारबन्देज समेत
- वेष्ट म्यानेजमेन्ट एण्ड रिसाइकल सिष्टम
- म्यानुअर कलेक्शन पिट निर्माण गर्ने
- बायोग्यास निर्माण

**ग) निजि क्षेत्रको साझेदारी अन्तर्गतका कार्यक्रमहरू**

निजि क्षेत्रको साझेदारी अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्दा दोश्रो पक्षको अनिवार्य वित्तीय दायीत्वको सुनिश्चितता सहित कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । समन्वय सहकार्य तथा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग/निकाय हरूमा आवधिक रूपमा तोकिएको ढाँचामा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ।

१.धुलो दूध उद्योग स्थापना

२.चिस्यान घर सहितको पशुबधशाला निर्माण

३.बंगुर श्रोत केन्द्र स्थापना

४.गाई श्रोत केन्द्र स्थापना तथा दुग्ध प्रवर्द्धन

५.भेडा याक चौरी प्रवर्द्धन

६.रेन्वो ट्राउट माछा प्रवर्द्धन

**घ) लागत सहभागिता अन्तरगतका कार्यक्रमहरू**

लागत सहभागिता अन्तरगतका तपसिलका कार्यक्रमहरू सञ्चालन गर्दा दोश्रो पक्षको अनिवार्य वित्तीय दायीत्वको सुनिश्चितता सहित कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । समन्वय सहकार्य तथा सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग/निकाय हरूमा आवधिक रूपमा तोकिएको ढाँचामा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ।

१.अण्डा थोक बजार निर्माण( निरन्तरता)

२.गौशाला निर्माण

३.गाई प्रवर्द्धन

४.सहकारी मार्फत UHT दुग्ध प्रशोधनका उद्योग स्थापना

**ङ) इपिडेमियोलोजी रिपोर्टिंग कार्यक्रम**

इपिडेमियोलोजी रिपोर्टिंग कार्यक्रमका लागि बजेट व्यवस्था अनुसार कार्यक्रम सन्चालन निम्न अनुसार हुनेछ।

(क) बजेट रु ६ हजार मात्र विनियोजन भएका स्थानीय तहहरुले **अनुसूची ९ को मासिक इपिडेमियोलोजिकल रिपोर्टिङ्ग** र अनुसूची १० मा उल्लेख भए बमोजिमका **सूचीकृत पशुपन्छीका रोगहरुको रिपोर्टिङ्ग** गर्नु पर्ने हुन्छ ।

(ख) बजेट रु १ लाख विनियोजन भएका स्थानीय तहहरुले **अनुसूची ९ को मासिक इपिडेमियोलोजिकल रिपोर्टिङ्ग** र **अनुसूची १०** मा उल्लेख भए बमोजिमका **सूचीकृत पशुपन्छीका रोगहरुको रिपोर्टिङ्ग** का साथै देहायका थप कार्यक्रम सन्चालन गर्नु पर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- खोरेत रोग फैलिएमा सोको आउटब्रेक अन्वेषण गरि पशु सेवा विभागको इपिडेमियोलोजी शाखामा हार्ड कपि वा सफ्टकपि इमेल मार्फत पठाउनु पर्ने हुन्छ । आउटब्रेक अन्वेषणको लागि चाहिने विवरण www.epivet.gov.npबाट डाउनलोड गर्न सकिनेछ र प्रतिवेदन vetepi@ntc.net.np मा पठाउनु पर्ने हुन्छ र इपिडेमियोलोजी शाखाबाट पनि सो प्रतिवेदन प्राप्त भएको जानकारी इमेल मार्फत जानकारी गराइनेछ ।
- पि पि आर रोग फैलिएमा सोको आउटब्रेक अन्वेषण गरि पशु सेवा विभागको इपिडेमियोलोजी शाखामा हार्ड कपि वा सफ्टकपि इमेल मार्फत पठाउनु पर्ने हुन्छ । आउटब्रेक अन्वेषणको लागि चाहिने विवरण www.epivet.gov.npबाट डाउनलोड गर्न सकिनेछ र प्रतिवेदन vetepi@ntc.net.np मा पठाउनु पर्ने हुन्छ र इपिडेमियोलोजी शाखाबाट पनि सो प्रतिवेदन प्राप्त भएको जानकारी इमेल मार्फत जानकारी गराइनेछ ।
- रेबिज रोग फैलिएमा सोको आउटब्रेक अन्वेषण गरि पशु सेवा विभागको इपिडेमियोलोजी शाखामा हार्ड कपि वा सफ्टकपि इमेल मार्फत पठाउनु पर्ने हुन्छ । आउटब्रेक अन्वेषणको लागि चाहिने विवरण www.epivet.gov.npबाट डाउनलोड गर्न सकिनेछ र प्रतिवेदन vetepi@ntc.net.np मा पठाउनु पर्ने हुन्छ र इपिडेमियोलोजी शाखाबाट पनि सो प्रतिवेदन प्राप्त भएको जानकारी इमेल मार्फत जानकारी गराइनेछ ।
- अनुसूची १० मा उल्लेखित कुनैपनि सूचीकृत रोग फैलिएमा सोको आउटब्रेक अन्वेषण गरि पशु सेवा विभागको इपिडेमियोलोजी शाखामा हार्ड कपि वा सफ्टकपि इमेल मार्फत पठाउनु पर्ने हुन्छ ।

**च) कालिज पालन कार्यक्रम**

सम्बन्धित वन कार्यालयसँगको समन्वयमा कानुनको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम हुनेछन

- चल्ला/अण्डा खरिद
- खोर व्यवस्थापना
- स्वास्थ्य व्यवस्थापन
- जैविक सुरक्षा व्यवस्थापन
- फार्म यान्त्रीकरण

**छ) माछाको दाना उद्योग स्थापना**

पशु सेवा विभागको समन्वयमा कानुनको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम हुनेछन।

- उद्योगमा प्रयोगहुने यन्त्र उपकरण व्यवस्थापन
- दानाको गुणस्तर प्रवर्द्धनको लागि व्यवस्थापकिय कार्यहरू
- प्रयोगशाला स्थापना

**ज) सहकार्यमा पशुपन्छी जन्य उद्योग प्रवर्द्धन**

पशु सेवा विभागको समन्वयमा कानुनको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। मुख्यमुख्य क्रियाकलापहरू निम्न बमोजिम हुनेछन।

- उद्योगमा प्रयोगहुने यन्त्र उपकरण व्यवस्थापन
- गुणस्तर प्रवर्द्धनको लागि व्यवस्थापकिय कार्यहरू

- प्रयोगशाला सुदृढिकरण
- बजार तथा बजारीकरण प्रवर्द्धन

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची- ७

## प्रगति प्रतिवेदनको नमूना

स्थानीय तहको नाम ........................................... जिल्ला .............

प्रदेशको नाम.....................

कार्यक्रमको नाम....................

कृषक/समूह /समिति /सहकारी/निजि संस्था...................(नाम.............वडा नं....... टोल..........)

| क .सं. | ईकाई | परिणाम | वार्षिक बजेट (रु. हजारमा) | वार्षिक खर्च (रु. हजारमा) | वित्तीय प्रगति प्रतिशत | क्रियाकलाप | प्रथम चौमासिक | | द्वितीय चौमासिक | | तृतीय चौमासिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |

तयार गर्नेको नाम र पद...............
दस्तखत..........

पशु सेवा शाखाको प्रमुखको नाम........
दस्तखत...........

प्रमुख प्रशासकिय अधिकृतको नाम....
दस्तखत...........



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ८

## उपलब्धी प्रतिवेदनको नमुना (पालिकाकासँग सम्बन्धित कार्यक्रम अनुसार मात्र भर्ने)

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने स्थानिय तहः

कार्यक्रमको लाभग्राहीको नाम, पूरा ठेगानाः

कार्यक्रम सञ्चालन स्थल

कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु

| क.स. | क्रियाकलापहरु | मासिक/तैमासिक/वार्षिक लक्ष्य | मासिक/तैमासिक/वार्षिक प्रगति | हालसम्मको प्रगति | नपुग प्रगतिको पुष्टयाई |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

आर्थक प्रगति

विनियोजित बजेट मासिक/तैमासिक/वार्षिक खर्च र प्रगति प्रतिशत

हाल सम्मको खर्च हाल सम्मको प्रगति प्रतिशत

**लाभान्वितहरुको संख्याः**

प्रत्यक्ष महिला पुरुष जम्मा

अप्रत्यक्ष महिला पुरुष जम्मा

**कार्यक्रमबाट अपेक्षा गरिएको उपलब्धि**



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(दूध/मासु/उन/घाँस/दाना............ उत्पादनमा/प्रसोधन/बजारिकरण.................. मा बृद्धि )

कार्यक्रम लागु हुनु पूर्वको दूध/मासु/उन/घाँस/दाना......उत्पादनमा/प्रसोधन/बजारिकरण.....परिमाण

कार्यक्रमबाट अपेक्षित बृद्धि परिमाण

हालसम्म बृद्धि भए/नभएको बृद्धि भएकोमा परिमाण उल्लेख गर्ने

कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्याहरु तथा सामाधानका लागि सुझावहरु

| क्र.स. | समस्याहरु | सझावहरु |
|---|---|---|
| | | |
| | | |

तयार गर्नेको नाम,थर

पद

हस्ताक्षर

पशु सेवा शाखा प्रमुख को नाम,थर

पद

हस्ताक्षर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची ९

## मासिक ईपिडेमियोलोजिकल रिपोर्ट

हामी कहा पशुपन्छी रोगहरु सम्बन्धी सूचना संकलनको लागि दुई प्रकारका मासिक इपिडेमोलोजिकल रिपोर्टिङ फारम प्रयोजनमा ल्याइएका छन् पहिलो फारम स्थानीय निकायहरु (गाउँपालिका,नगरपालिका) का पशु सेवा शाखा का प्राविधिकले भरेर पठाउने र दोस्रो भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाट प्रत्येक महिना भरेर पठाउने । यो दुई वटै फारम संघीय पशु सेवा विभागको भेटेरीनरी इपिडेमियोलोजी शाखामा मासिक रुपमा पठाउनु पर्दछ। यिनै रिपोर्ट हरुको आधारमा हाम्रो देशमा विद्यमान पशुपन्छीका मुख्य मुख्य रोग र समस्याहरुको बारे देशमा तथ्याङ्क विकास हुने र कुन कुन रोग र समस्याहरु लाई सरकारले प्राथमिकतामा लिएर यसको रोकथामको लागि कस्ता कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने भन्ने बारे वैज्ञानिक तथ्य पनि निर्माण हुन्छ।

हामी विश्व पशु स्वास्थ्य संगठन (OIE)को सदस्य भएको नाताले पशु रोग सम्बन्धि सूचना पठाउन प्रतिबद्ध छौं र सोही क्रममा पशुरोग सम्बन्धी सुचना संकलन र आदानप्रदान गर्न अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्डको पालना गर्न जरुरी छ । अर्को कुरा हामी कहाँ विद्यमान पशुरोग सूचना संकलन पद्धतिले सबै प्रकारका वर्गीकृत प्राथमिकता प्राप्त पशु रोगहरु जनावरको जातअनुसार समाविष्ट भएको प्रत्याभूति दिनु पर्ने हुन्छ। यी फारमहरु भर्ने क्रममा हामीले सबैको कोष्ठहरु भर्नु जरुरी छैन। प्रत्येक महिना सबै पशुपन्छीका रोगहरु देखा पर्छन् भन्ने छैन, सबै जातीका जनावरहरु प्रभावित हुन्छन् भन्ने पनि छैन।

यस फारममा रोग विशेष तथा सुचिकृत रोगहरु (Specific and notifiable disease) बाहेक सामान्य लक्षणका रुपमा देखा पर्ने वा रोग निदान एकिन नभएका रोगहरु, स्थान विशेषमा देखा पर्ने केही रोग तथा अवस्थाहरु, जनावरको जात अनुसार रिपोर्टिङ गर्नको लागि प्रशस्त स्थान दिइएको छ। यस्ता अवस्थाहरुमा पखला(Diarrhea),बाँझोपन (Infertility), तुहिने(Abortion), डेगनाला(Degnala), खरी (Khari disease) आदि पर्दछन । रोग सम्बन्धी विवरण भर्न खाली कोष्ठहरुमा नयाँ रोग समस्याको जानकारी दिन पनि सकिन्छ।

यस परिवेशमा स्तनधारी पशु को लागि एउटा भाग र कुखुरा को लागि अर्को भाग छ र विशेष वा पहिचान गर्न सकिने रोगहरु (Specific Diseases), र अस्पष्ट वा पहिचान गर्न नसकिने रोगहरु (Nonspecific Diseases) गरी दुई वटा भागमा विभाजन गरिएकोछ।

फर्मेटको पहिलो कोलममा प्रकोप संख्या (No of Outbreaks) अर्थात निश्चित समयमा कुनै निश्चित परिधि भित्र (Epicenter), एकै स्रोत बाट(Source/Agent), एउटै प्रकृतीको लक्षण(Common Symptoms) देखाएमा १ वटा प्रकोप संख्या हुनेछ तर लामो समयको अन्तरमा फरक स्रोत बाट(Source/Agent), एउटै प्रकृतीको लक्षण(Common Symptoms) देखाएमा फरक प्रकोप संख्या (No of Outbreaks) हुने छ। दोस्रो कोलममा जोखिममा रहेका पशु (No of Affected) को संख्या रहेकोछ । तेस्रो कोलममा बिरामी पशु (No. of Infected), चौथोमा मरेको पशुको संख्या (No of Dead), पाचौंमा रोग रोकथामको लागी कति वटा पशुहरुलाई भ्याक्सिन



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

लगाइयो (No of Vaccinated Animals) भर्नु पर्छ। यदि कुनै पशु मर्यो भने मरेको पशु संख्यामा (No of dead) र उपचार गरिएको पशु संख्यामा (No. of Treated) मा राख्ने । हामिले उपचार गरिएको पशु संख्यामा जहिले पनि विरामी पशु (No of Affected) संख्या बाट मरेको पशु संख्या (No of dead) घटाएर राख्नु पर्छ। जस्तै कुनै गाई फार्ममा २० वटा गाई छन, उक्त फर्ममा ४ वटा पशुमा खोरेत देखियो भने जोखिम पशु (No of Susceptible) संख्या मा २० वटै गाई पर्दछन भने विरामी पशु (No.of Infected) मा ४ वटा पर्दछन । कुनै १ पशु मर्यो भने, मरेको पशु संख्यामा १ र उपचार गरिएको पशुमा (४-१=३) ३ वटा राख्नु पर्दछ । रेबिजको हकमा भ्याक्सिनेसनमा कुकुर र बिरालोमा टोक्नु पुर्व गरिने भ्याक्सिनेस **(Pre-Bite Vaccination)**गरिएको संख्या उल्लेख गर्नु पर्छ। हामिकहां बहुला जनावरले टोकि सके पछी रेबिज नलागोस भनेर टोकाई पश्चात खोप लगाउने **(Post-Bite Vaccination)** चलन छ। टोकिसकेको अवस्थामा रोग नलागोस भनेर खोप **(Post-Bite Vaccination)** गरिएको जनावर संख्या उपचारको कोलममा उल्लेख गर्नु पर्दछ । अर्को कुरा रेबिज रोग लागी सकेको जनावर निश्चित रूपमा मर्छ अर्थात विरामी पशु/मृत्यु संख्या हुन्छ।

प्रत्येक रोगको विवरण भर्दा एक भन्दा बढी जनावरको जात(Multiple Species) प्रभावित हुने भएमा प्रत्येक जनावर जातको लागी अलग अलग संख्या उल्लेख गर्नुपर्दछ । जस्तै खोरेत गाई, भैसी, बाख्रा, भेडा, सुंगुर, बंगुर आदिमा लाग्न सक्छ, त्यसकारण प्रत्येक जनावर जात अनुसार विवरण भर्नु पर्दछ।

मनन गर्ने कुरा के हो भने, मासिक ईपिडेमियोलोजिकल रिपोर्ट बाह्रै महिनाको एकै पटक नपठाई प्रत्येक महिना नियमितरूपमा पठाउने गर्नु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची १०

## सुचीकृत रोगहरुको विवरण

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सो को नियमावली, २०५६(संशोधन सहित)को नियम २० को उपनियम (२) बमोजिम सुचित गर्नु पर्ने रोगहरुको विवरण दिईएकोछ र प्रयोगशाला रोग निदान वा पोष्टमार्टम बिना यस्ता रोगहरुको रिपोर्ट गरिनु हुदैन। यस्तो रोगको शंका लागेमा तुरुन्त पशु सेवा विभागको भेटेरिनरी इपिडेमियोलोजी शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा छिटो भन्दा छिटो खबर गर्नुपर्दछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं